दुहुँ गाउँपालिका

दुहुँ राजपत्र

खण्ड - ४ संख्या - ८ मितिः २०७७।११।०३

**भाग - २**

| कार्यपालिकाबाट स्वीकृत मिति | २०७७।१०।२६ |
| --- | --- |

# लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि २०७७

**प्रस्तावना**

नेपालको संबिधानको धारा ३८ को महिलाको हकको कार्यान्वयन गर्न र लैङ्गिक हिसांबाट पिडित वा प्रभावितलाई तत्काल उद्धार गर्न वा पुर्नस्थापना गर्ने कार्यका लागि दुहुँ गाउँपालिकामा लैङ्गिक हिसां निवारण कोष स्थापना गरि सो

कोषबाट पीडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल,सहज एवं प्रभावकारी बनाउनका लागि लैङ्गिक हिसां निवारण कोष (संचालन) नियमावली २०७६(दास्रो संसोधन) तथा लैङ्गिक हिसा निवारण कोष स्थापना विस्तारका लागि सर्शत अनुदान रकम खर्च सम्बन्धी कार्यविधि २०७६ को अधिनमा रहि दुहुँ गाउँपालिकामा लैङ्गिक हिसा निवारण कोष संचालन कार्यविधि तयार गर्नुपर्ने वान्छनीय भएकोले  स्थानीय सरकार संन्चालन ऐन २०७४ को दफा (१०२) को उपदफा (२) बमोजिम बनेको दुहुँ गाउँपालिको प्रशासकिय कार्यविधि(नियमित गर्ने) ऐन२०७५को दफा (४) बमोजिम लैङ्गिक हिसां निवारण कोष संचालन कार्यविधि,२०७७ गाउँपालिकाबाट स्वीकृत गरि जारी गरिएको छ।

## **१) संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नामः  लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि,२०७७ रहने छ।

ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट  लागु हुनेछ।

परिभाषा बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क)“गाउँपालिकाःभन्नाले दुहुँ गाउँपालिकालाई लाई सम्झनु पर्दछ।

ख) कोषः भन्नाले दफा (३) बमोजिमको लैङ्गिक हिसां निवारण कोष सम्झनुं पर्दछ।

ग) पिडितः लैङ्गिक हिसांबाट पीडित वा प्रभावित  व्यक्ति सम्झनुं पर्दछ।

घ) घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई शारीरिक,मानसिक,यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ।

ङ) लैङ्गिक हिस भन्नाले सार्वजनीक वा निजी जीवनमा लिंगका आधारमा कसै प्रति शारीरिक,मानसिक,वा यौनजन्य क्षति वा पीडा पुर्याउने कार्य सम्झनु पर्दछ र सो शब्दले लिंगको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य,पीडाजन्य वा धम्कीपूर्ण व्यवहार,दवाव,करकाप वा स्वेच्छाचारी रुपमा महिलालाइ्र स्वतन्त्रताको उपभोग गर्नबाट बन्चीत गर्ने कुनै कार्य समेतलाई जनाउछ।

च) कोष संचालन समिति भन्नाले कार्यविधिको दफा (९) बमोजिम गठित समितिलाईसम्झनु पर्दछ।

## **२) कोषको स्थापना**

१) लैङ्गिक हिसाः पिडित र प्रभावितहरुको तत्काल उद्धार गर्न,राहत र पुनःस्थापना गर्ने काम समेतका लागि दुहुँ गाउँपालिकाले एक हिंसा निवारण कोष खडा गरेको छ।

२) कोषमा देहाय बमोजिमको रकम जम्मा गर्न सकिनेछ।

क) संघिय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम

ख) गाउँपालिका आन्तरिक स्रोतबाट छुट्याइएको रकम

ग) विभिन्न संघ सस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम

घ) अन्य कुनै आन्तरिक तथा बाहिय स्रोतबाट प्राप्त रकम

ङ) बैक खातामा रहेको मौज्दात बाट प्राप्त ब्याज रकम

**३.कोषमा रकम जम्मा गर्ने दुहुँ गाउँपालिकाको प्रत्येक बार्षिक बजेटमा व्यवस्था गरि कोषमा रकम जम्मा गर्नु पर्नेछ ।**

## ४.कोषको उपयोग

१) कोषको रकम देहायको कामको लागि उपलब्ध गराउन उपयोग गरिनेछ ।

क) पिडितलाई तत्काल उद्धार गर्न

ख) पिडितलाइ औषधी उपचार गर्न

ग) पिडितलाई तत्काल उपचार गराउदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पिडितको स्वास्थ्य उपचार गर्न,

घ) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,

ङ) पिडितलाई कानुनी सहायता मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श लगायतका सेवा प्रदान गर्न,

च) सीपमुलक तालिम प्राप्त पिडितलाई स्वरोजगारका लागि कुनै व्यवसाय स्थापना गर्नको लागि अनुदान रकम प्राप्त गर्न,

छ) पिडित र प्रभावितका लागि पुर्नस्थापना गराउन,

ज) अल्पकालिन महिला सुरक्षा सेवा केन्द्र संचालनकोलागि माग भई आएमा समितिले आवश्यक ठानेमा आवश्यकत्ता र औचित्याको आधारमा सेवा केन्द्र संचालनको लागि रकम प्रदान गर्न,

झ) पिडितको लागि कोष परिचालन समितिले ताके बमोजिमको अन्य काम गर्न,

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कोष सञ्चालक समितिले लैङ्गिक हिसांबाट पिडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिसांबाट प्रभावित भई लागु पदार्थको द्रुव्यसनमा फशेका वा सडकमा

आएका व्यत्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

## ५. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने

कोषको रकम दफा (५) बमोजिम बाहेक अन्य कामका लागि उपयोग गर्न सकिने छैन ।

## ६. राहत तथा आर्थिक सहयोगको आधार मापदण्ड

(१) दुहुँ गाँउपालिकाको कोष परिचालन समिति गठन गरि पीडित र प्रभावितलाई राहत तथा आर्थिक सहयोग प्रदान गर्नुपर्दछ ।

(२) कोष संचालन समिति उपदफा (१) बमोजिम पीडित र प्रभावितलाई रकम उपलब्ध गराउदा देहाय बमोजिमको रकमको हद र आधार लिनुपर्दछ ।

क) पीडितलाई तत्काल उद्धार,औषधी उपचार,पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा गम्भीर मानविय क्षति हुने देखिएका कोष संचालन समिति निर्णय  गरि बीस हजार रुपयामा नबढ्ने गरि मनासिव रकम,

ख) हिंसा पीडितले कुनै सीप मुलक तालिम प्राप्तगरि व्यवसाय संचालन गर्नका लागि वस्तुगत सहयोग वा नगद अनुदान माग गरेमा व्यवसायको प्रकृति र औचित्यता आधारमा प्रति व्यत्ति बढीमा बीस हजार रुपैया,

ग) पीडितलाई कानुनी सहायता,मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयामा नबढ्ने गरि लागृको यथार्थ खर्च,

घ)  पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी सधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम,खाना खर्च वाफत प्रतिदिन तीन सय रुपैया र बास बस्न् पर्ने भए सो वाफत  छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन  पाँचसय रुपैयाका दरले लाग्को यथार्थ खर्च रकम,

ङ) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउदा जादा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम,खाना खर्च वापत प्रति दिन तीन सय रुपैया ,अस्पतालमा बस्ने व्यवस्था नभइ बाहिर बस्नु परेमा बास खर्च वापत प्रति दिन पाँच सय रुपैया र खर्चको यथार्थ रकम,

च) कोष संचालन समिति तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति ,आवश्यत्ता र औचित्यताको आधारमा बढीमा दश हजार रुपैया,

## ७. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने

१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गनै चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग  पाउनु पर्ने मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार देखिएमा मार्गदर्शनको दफा (७) बमोजिम कोष संचालन समितिले निर्णय गरि उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएता पनि पीडित तथा प्रभावितलाई तत्काल राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने मनासिव देखिएमा दफा (७) बमोजिम कोष संचालन समितिबाट पछि अनुमोदन गराउने गरि संयोजकले तत्काल उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार जाचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा

आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार नदेखिएमा सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ।

## ८. कोष संचालन समिति गठन

(१) कोषको संचालन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि देहायबमोजिम कोष संचालन समिति रहनेछ।

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| (ख) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ग) सामाजिक विकास समिति संयोजक | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ङ) स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख | सदस्य |
| (च) प्रहरी चौकी ईन्चार्ज | सदस्य |

(छ) लैङ्गिक हिसा निवारणको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरु मध्येबाट संयोजकले मनोनित गरेको १ जना- सदस्य

(ज) शिक्षा युवा तथा खेलकुद विकास शाखा प्रमुख सदस्य

(झ) महिला बालबालिका तथा समाज कल्याण शाखा प्रमुख सदस्य
सचिव

(२) समितिको वैठकमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रित गर्न सकिनेछ।

(३) समितिको वैठक सम्बन्धी कार्यविधी गाउँपालिकाको बैठक संचालन कार्यविधि बमोजिम हुनेछ।

## ९. समितिको काम,कर्तव्य र अधिकार

समितिको काम कर्तव्य देहाय बमोजिम हुनेछ।

क) यसै समितिले लैङ्गिक हिसां निवारण कोष (संचालन)(दोस्रो संसोधन) नियमावली २०७६ ले मूल नियमावलीको दफा (११) मा संसोधन गरि निर्देशन गरे बमाजिमको स्थानिय तत्काल राहत तथा उद्दार समिति का रुपमा समेत रहि लैङ्गिक हिसां पिडित तथा प्रभावितको तत्काल उद्दार गर्ने,पुर्नस्थापना गर्ने तथा राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा कार्यक्रम तर्जुमा समेतका क्रियाकलाप समेत गर्नेछ।

ख) लैङ्गिक हिसां पिडित तथा प्रभावितको पहिचान गर्ने र वास्तविक पिडित तथा प्रभावितका राहत तथाआर्थिक सहयोग उपलब्ध गराउने,

ग) स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने,

घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

च) लैङ्गिक हिसा निवारणको क्षेत्रमा काम गर्ने निकाय संग समन्वय गर्ने,

छ) समितिलाई तत्काल आवश्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने,

ज) काषमा रकम बृद्धिको लागि खोजी गर्ने,

झ) लैङ्गिक हिसां पिडित तथा प्रभावित सम्बन्धी अन्य काम गर्ने वा गराउने,

**१०) समितिको बैठक निर्णयः**

क) समितिको बैठक आवश्यकता अनुसार  बस्नेछ।

ख) समितिको कुल सदस्यसंख्याको ५०प्रतिशत भन्दा बढि सदस्य उपस्थित भएमा समितिको बैठकको गुणपुरकसंख्या पुगेको मानिनेछ।

ग) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येबाट छानेको सदस्यले गर्नेछ।

घ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षा गर्ने व्यत्तिले निर्णायक मत दिनेछ।

ङ) समितिले आवश्यकता अनुसार गाउँपालिकाको कुनैपदाधिकारी वा कर्मचारी लाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा  आमन्त्रण गर्न सक्नेछ।

च) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राखिनेछ।

छ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिको बैठकमा निर्णय गरि निर्धारण गर्न सकिनेछ।

**११. समितिको प्रशासनिक खर्च**

समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोष बाट प्राप्तव्याज रकमको ५ प्रतिशत भन्दा बढी हुनेछैन।

**१२. खाता संचालन**

क) कोषको रकम समितिको निर्णय बमोजिम कुनै बाण्ज्यि बैंकमा खाता खोलि जम्मा गर्नुपर्दछ।

ख) उपदफा (क) बमोजिम खाता संचालन प्रमुख प्रशासकिय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

**१३. कोषको लेखा र लेखा परिक्षण**

कोषको लेखा र लेखा परिक्षण  गाउँपालिकाले अपनाएको लेखा प्रणली र लेखा परिक्षण प्रक्रिया बमोजिम हुनेछ।

**१४. कोषको रकम फ्रिज नहुने**

कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाँकि रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन।

**१५. प्रतिवेदन पेश गर्ने**

१) समितिले आफूले गरेको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र गाउँपालिकामा र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पेश गर्नु पर्नेछ।

२ उपदफा (क) बमोजिम समितिले पेश गरेको प्रतिवेदन गाउँपालिकाले सार्वजनिक गर्नेछ।

**१६. बैठक भत्ता**

समितिका संयोजक र सदस्यले समितिको बैठकमा भाग लिए बापत गाउँपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन्।

**१७) कोषको सचिवालयः** कोषको सचिवालय गाउँपालिकाको कार्यालय महिला बालबालिका तथा समाज कल्याण शाखामा रहनेछ।

**१८) अभिलेख राख्नेः** समितिले आफूले गरेका कामको अभिलेख दुरुस्त राख्नुपर्नेछ।

**१९) निर्देशन दिन सक्ने**

क) गाउँपालिकाले समितिको कामकार्यबाहिको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ।

ख) उपदफा (क) बमोजिम कार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ।

**२०) अधिकार प्रत्यायोजन**

समितिले यस कार्यविधि बमोजिम आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केहि अधिकार समितिको संयोजक,सदस्य वा गाउँकार्यपालिकाले तोकेको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्नसक्नेछ।

**२२) कोष खारेज हुन सक्ने**

क) कुनै कारण बस कोष  संचालन गर्न आवश्यक नदेखिएमा गाउँकार्यपालिकाको निर्णयबाट कोष खारेज गर्न सकिनेछ।

ख) उपदफा (क) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय गाउँ कार्यपालिकाको बैठकबाट हुनेछ

**अनुसूची १**
**नियम ७ संग सम्बन्धित**

मितिः

विषयः सहयोग उपलब्ध गराई पाउँ।

श्रीमान अध्यक्ष ज्यू,
स्थानीय तत्काल उद्धार तथा राहत समिति,
दुहुँ गाउँपालिका,दार्चुला।

म ……………………….मा बस्ने वर्ष……. को ……………………….. मिति …………… मा लैङ्गिक हिंसाबाट पिडित भएको छु। मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ। म उपर लैंगिक हिंसा (………………..) भएको कारणले मेरो मानसिक/शाररिक/ सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार / कानुनी सहायता एवं परामर्श / उद्धार / मनोविमर्श/ स्वरोजगार / पुनस्थापना/ अन्य …………….. कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैंगिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध

गराइदिनु हुन यो निवेदन पेश गरेको छु।

निवेदक

नाम,थरः

ठेगानाः

दस्तखतः

मितिः

आज्ञाले,

महेशबहादुर बम

प्रमुख प्रशासकीय अधिकृत